आज मिति २०७४ माघ ५ गते शुक्रवार दिनको ३:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बोर्ड बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप–प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८.सदस्य सचिव श्री रोहित राज पोखरेल

विषयहरु :-

१. जनप्रतिनिधिहरुको सेवा सुविधा बारे ।

निर्णयहरु :-

१. यस भक्तपुर नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरु स्थानीय सरकार संचालन ऐन २०७४ ले तोकेको क्षेत्रभित्रका कार्य एवं जनतासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न विषयहरुमा दैनिक रुपमा नै लागिरहनु पर्ने, जनप्रतिनिधिहरुले पाउने सुविधा र पारिश्रमिक सम्बन्धमा हालसम्म नेपाल सरकारले कुनै कानून बनाई तोकिनसकेको सन्दर्भमा जनप्रतिनिधिहरुबाट निरन्तर भैरहेको योगदान समेतलाई मध्यनजर गरी निजहरुलाई न्यूनतम सुविधाहरु र पारिश्रमिक उपलब्ध गराउन वाञ्छनीय भएकोले नगरपालिकाको स्थानीय संचित कोषबाट खर्च हुने गरी र नेपाल सरकार वा प्रदेश सरकारबाट जनप्रतिनिधिहरुले पाउने सेवा सुविधा र पारिश्रमिक सम्वन्धमा कानून बनाई आएपछि सोही बमोजिम हुने गरी हाललाई यस नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको सुविधा २०७४ माघ महिनादेखि निम्न बमोजिम दिने गरी नगर सभामा प्रस्ताव लाने निर्णय गरियो ।

| सुविधाको किसिम | नगरपालिका मेयर | नगरपालिका उपमेयर | वडाध्यक्ष | नगर कार्यपालिका सदस्य | नगर सभा सदस्य |
|---|---|---|---|---|---|
| मासिक सुविधा | ४०,००० | ३५,००० | २५,००० | १२,५०० | ५,००० |
| सञ्चार खर्च | २,००० | १,५०० | १,००० | १,००० | १,००० |
| पत्रपत्रिका खर्च | २,००० | १,५०० | १,५०० | १,००० | १,००० |
| यातायात खर्च | गाडी सुविधा | गाडी सुविधा | १,००० | १,००० | १,००० |
| दैनिक भ्रमण भत्ता (उपत्यका बाहिरका जिल्लामा जाने हकमा) | २,५०० | २,००० | १,५०० | १,००० | १,००० |
| विदेश भ्रमण भत्ता | १७५ अमेरिकी डलर | १५० अमेरिकी डलर | १५० अमेरिकी डलर | १०० अमेरिकी डलर | १०० अमेरिकी डलर |
| मेयर, उपमेयर लगायत निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरुलाई पोशाक सुविधा प्रदान गर्ने | | | | | |